त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं./च.नं.

कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

मिति २०८०/०६/२३ गते।

# प्रेष विज्ञप्ती।

मिति २०८०/०६/२० मा इजराइलको विभिन्न क्षेत्रमा आतंककारी समूहबाट आक्रमण भएको र नेपालको विभिन्न विश्वविद्यालयहरुबाट इन्टर्नसिप गर्न इजराइलमा गएका नेपाली विद्यार्थीहरुको अवस्थाको बारेमा यस अध्ययन संस्थानको पुन: ध्यानाकर्षण भएको छ।

यस अध्ययन संस्थान र The Kinneret Academic College, Jorden Valley वीच भएको सम्झौता अनुसार भाद्र २०, २५ र असोज ०१ गते Learn and Earn Training Program मा इन्टर्नसिपको लागि यस वर्ष ९९ जना र गत वर्ष गएका १ जना गरी जम्मा १०० जना विद्यार्थीहरु जोर्डन भ्यालीको ३ वटा फार्महरुमा रहेको व्यहोरा जानकारी गराइन्छ।

यस अध्ययन संस्थानअन्तर्गत विभिन्न क्याम्पस/कलेजमा अध्ययन गरी डीन कार्यालयको समन्वयमा इजराइल गएका सम्पुर्ण विद्यार्थीहरु सम्पर्कमा आएका छन्। जम्मा ३ वटा फार्ममध्ये च्याउ फार्ममा कार्यरत रहेका ७२ जना विद्यार्थीहरुलाई मिति २०८०।०६।२२ गते वेलुकादेखि ५ वटा फरक फरक बंकरमा राखिएकोमा उक्त विद्यार्थीहरुलाई इजराइली सेनाको स्वीकृती र समन्वयमा अझ सुरक्षित स्थानमा "The Kinneret Academic College" परिसरमा स्तानान्तण गर्ने प्रक्रिया अघि बढेको जानकारी सम्बन्धित कलेज र इजराइलको नेपाली दुतावासबाट प्राप्त भएको छ।

विद्यार्थीहरु नेपाल फर्किन चाहेमा नेपाली दुतावास, इजराइलको समन्वयमा अनलाइन फाराम भरी सोही अनुसार गर्न सकिनेछ। मिति २०८०।०६।२२ गते परराष्ट्र मन्त्रीको संयोजकत्वमा बसेको समन्वय संयन्त्रको बैठकले विद्यार्थी स्थान्तरण र शव नेपाल ल्याउन आवश्यक पहल गरि रहेको जानकारी प्राप्त भएको छ। यस अध्ययन संस्थान नियमित रुपमा सम्बन्धित कलेज, नेपाल दुतावास, इजराइली दुतावास र परराष्ट्र मन्त्रीको सचिवालयसँग समेत सम्पर्कमा रहेको हुँदा कुनै सूचना प्राप्त भएमा यथासम्भव छिटो जानकारी गराइने व्यहोरा सूचित गरिन्छ।

आतंककारी समूहको आक्रमणको घोर निन्दा गर्दै उक्त आक्रमणमा परी दिवंगत भएका विद्यार्थीहरुप्रति हार्दिक श्रद्धाञ्जली, शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना र घाइते भएका विद्यार्थीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

यस कठिन परिस्थितिमा सवैलाई संयमित रहन, आधिकारिक स्रोतहरुबाट प्राप्त सूचना मात्र आदानप्रदान गर्न र सम्बन्धित विद्यार्थीहरुलाई कलेज र सुरक्षा निकायहरुबाट प्राप्त निर्देशनहरु पालना गर्न अनुरोध गरिन्छ।

.....................
प्रा. भार्गव धिताल
डीन